"देशभरिका सम्पूर्ण प्रगतिशील, देशभक्त तथा जनवादी विद्यार्थीहरु एकजुट होऔं ।"
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी/Central Committee
Ratoghar, Kathmandu, Nepal
Estd. 2022

प. सं.
च. नं.

मिति :

मिति : २०८० जेष्ठ ७ गते

**अनेरास्ववियु केन्द्रीय कमिटीको दोश्रो बैठक (४-६ जेष्ठ २०८०)का निर्णयहरु सार्वजनिक सम्बन्धमा आयोजित पत्रकार सम्मेलनमा उपस्थित**

**प्रिय पत्रकार मित्रहरु ,**

नेपाली विद्यार्थीहरुको लोकप्रिय संगठन अनेरास्ववियुले ५९ औ स्थापना दिवस मनाई रहँदा संगठनको आन्तरिक जीवनमा २३ औं राष्ट्रिय महाधिवेशन सम्पन्न गरी यो केन्द्रीय कमिटीको दोश्रो बैठकको निर्णयहरु गर्न यो गौरवपुर्ण क्षणमा हामी उपस्थित भएका छौं । यो महत्वपुर्ण क्षणमा नेपालको राजनितिक, सामाजिक र शैक्षिक जागरणको आन्दोलनमा सर्मपित हुदैं अनेरास्ववियुको गरीमालाई उच्च राख्न र गौरवपुर्ण इतिहासको विरासत बनाउन योगदान गर्नुहुने सम्पुर्णलाई स्मरण गर्दछौं ।

**बैठकले गरेका निर्णयहरु :**

**शैक्षिक सन्दर्भमा बैठकले गरेका निर्णयहरु :**

- अनेरास्ववियुका केन्द्रीय कमिटीमा रहनुहुने सम्पूर्ण नेताहरुले महिनाको एक दिन शैक्षिक गुणस्तर वृद्धिका लागि सरकारी वा सामुदायिक विद्यालयमा अनिवार्य स्वमंसेवकिय कक्षा लिने ।
- नीजि शैक्षिक संस्थाहरुले दिनुपर्ने अनिवार्य छात्रवृत्तिलाई प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने र छात्रवृत्तिलाई १० प्रतिशतबाट २० प्रतिशतमा वृद्धि गर्न पहल गर्ने । उक्त छात्रवृत्तिलाई अनिवार्य रुपमा सम्बन्धित शैक्षिक संस्थाको वेवसाईट र सुचना पाटीमा सार्वजनिक गर्न मातहत कमिटीहरुलाई निर्देशन गरिएको छ ।
- विद्यार्थीको सहभागिता र प्रतिभा प्रदर्शनलाई प्रोत्साहित गर्न चित्रकला, फोटोग्राफी, लेखन, वा सार्वजनिक वक्तृत्व कला सम्वन्धी अनलाइन प्रतियोगिताहरू र प्रतिस्पर्धाहरू चलाउने ।
- नेपाल सरकारको नीति तथा कार्यक्रम सार्वजनिक भएको छ र आउँदै गरेको बजेटमा नेपाल सरकारको कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा छुट्याउनका लागि दबाबमुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विश्वविद्यालयहरुमा प्रधानमन्त्री कुलपति हुने व्यवस्थालाई परिवर्तन गर्न र प्राज्ञिक स्वायत्तता कायम गर्नका लागि **"BOARD OF TRUSTEE"** गठन र प्राज्ञिक क्षेत्रको राजनीतिकरणलाई अन्त्य गर्दै विश्वविद्यालयका पदाधिकारीहरू तथा क्याम्पस प्रमुखहरू प्रतिस्पर्धात्मक प्रणालीबाट नियुक्त गर्ने नीतिगत व्यवस्था गर्न दबाबमुलक अभियान सञ्चालन गर्ने ।
- त्रि.विमा संञ्चालन भएका प्राइभेट कार्यक्रमहरुलाई तत्काल नियमित कार्यक्रममा लैजान आवश्यक जनशक्ति तयार गर्न नेपाल सरकार र सम्बन्धित विश्वविद्यालयलाई दबाब दिने ।
- आवश्यकताका आधारमा भन्दा नाफामुलक उद्देश्यले दिइने सम्बन्धनका विरुद्ध **"No More Private College in Nepal"** भन्ने अभियानलाई शिक्षालाई सेवा सेवा क्षेत्रको रुपमा विकास गर्न अभियान अगाडी बढाउने ।



Tel: 01-4256052 : Email: mail.annfsu2022@gmail.com : URL: www.annfsu.com

प. सं. मिति :
च. नं.

- संविधानमा मौलिक हकको रुपमा व्यवस्था गरिएको **"कक्षा १२ सम्म निःशुल्क शिक्षा"** सम्बन्धि व्यवस्थालाई पूर्ण कार्यान्वयन गराउन पहल गर्ने । ७५३ वटै पालिकामा कम्तिमा एउटा विज्ञान, व्यवस्थापन, कानून, खेलकुद, शिक्षा र मानविकी विषयको कक्षा १२ सम्मको नमुना विद्यालयहरु सञ्चालन गर्न आवश्यक जनदबाब सिर्जना गर्ने ।
- मा.वि तह अन्तर्गत कक्षा ११ र १२ मा अध्यापन गर्ने लेक्चरहरुको सामुदायिक विद्यालयहरुमा दरबन्दी सिर्जना गरी सेवा आयोग अन्तर्गत छनौट गर्नका लागि पहल गर्ने ।
- खेलकुद क्षेत्रका लागि National Sports University को स्थापनाका लागि पहल गर्ने ।
- विद्यालय शिक्षामा Basic Life Skills लाई प्रयोगात्मक पाठ्यक्रममा समावेश गर्न पहल गर्ने ।
- ७७ वटै जिल्लामा भएकाहरुको हकमा आंगिक क्याम्पसहरुको स्तरोन्नति गर्न र नभएकाहरुमा अनिवार्य एक आंगिक क्याम्पस सञ्चालन गर्नका लागि पहल गर्ने ।
- त्रि.वि. अन्तर्गत Institute of Medicine(IOM) / Institute of Engineering(IOE) को प्रत्येक प्रदेशमा अनिवार्य रुपमा एक प्रदेश एक कलेज सञ्चालन गर्नका लागि पहल गर्ने साथै प्रत्येक प्रदेशमा आर्युवेद, पर्यटन, कृषि, भेटेरिनरी, फिसरी साइन्स, डेरी साइन्स जस्ता विषयहरु अध्यापन हुने सरकारी क्याम्पसहरु स्थापनाका लागि पहल गर्ने ।
- सुकुम्बासी, भूमिहीन, अल्पसंख्यक, हलिया, खलिया, वादी समुदायका गरिबीको रेखा भन्दा मुनि रहेकाहरुको लागि स्नातक तह सम्म निःशुल्क शिक्षा उपलब्ध गराउन पहल गर्ने ।
- विजेश्वरी छात्रावासलाई नेपाल सरकारको मातहतमा ल्याई नेपाल सरकारको सचिवको अध्यक्षतामा रहने सञ्चालक समिति सहितको व्यवस्थापनमा न्यायोचित ढंगले दलित समुदायका अभिभावक विहिन विद्यार्थीहरुको लागि निःशुल्क आवासीय छात्रावासको रुपमा विकास गर्नका लागि पहल गर्ने ।
- फरक क्षमता भएका विद्यार्थीहरुलाई अध्ययन गर्न र उनीहरुसंग भएको क्षमतालाई प्रस्फुटित गर्न प्रत्येक प्रदेशमा कम्तिमा १/१ वटा वटा आवासीय विद्यालयहरु स्थापना गर्न पहल गर्ने ।
- परीक्षा नियन्त्रण कार्यालयको सेवा प्रवाहलाई तत्काल अनलाईनबाट सुचारु गर्न विश्वविद्यालयलाई माग गर्ने पुरा नगरे आन्दोलनका कार्यक्रम अगाडी बढाउने ।
- परीक्षा प्रणलीलाई वैज्ञानिक बनाई परीक्षाको नतिजा प्रकाशन ३ महिना भित्रै गर्ने व्यवस्था मिलाउन दाबबमुलक कार्यक्रम गर्ने ।
- परीक्षा प्रणाली अन्तर्गत फर्म भर्ने, प्रवेश पत्र लिने, शुल्क तिर्ने, प्रमाणपत्र तथा ट्रान्स्क्रीप्ट लिने सम्पूर्ण प्रकृयाहरू अनलाइन मार्फत गर्ने व्यवस्था मिलाउन पहल गर्ने ।
- प्रत्येक क्याम्पसका भवनहरू समय समयमा मर्मतसम्भार तथा रङ्गरोगन गर्ने, महिलामैत्री तथा अपाङ्गमैत्री शौचालयहरू निर्माण गर्ने, शौचालयहरू नियमित सफा गर्ने, सफा तथा शुद्ध खानेपानीको प्रबन्ध मिलाउने जस्ता कार्यका लागि अभियान सञ्चालन गर्ने ।
- प्रत्येक आङ्गिक क्याम्पसमा आकस्मिक/प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गर्ने,
- बहालमा बस्ने विद्यार्थीहरूलाई विद्युत महसुलमा २५ युनिट सम्म निःशुल्क प्रयोग गर्न पाउने छुटको व्यवस्था गर्न पहल गर्ने,



Tel: 01-4256052 : Email: mail.annfsu2022@gmail.com : URL: www.annfsu.com

प. सं.
च. नं.
मिति :

- स्थानीय तहको सरकारसँग समन्वय गरी बहालमा बस्ने विद्यार्थीहरूलाई घरभाडा छुटको व्यवस्था मिलाउन पहल गर्ने,
- सडक सञ्जालले नजोडिएका विकल्पविहिन हवाइ यात्रामा विद्यार्थी छुटका लागि पहल गर्ने,
- बहालमा बस्ने विद्यार्थीहरूका लागि खाना पकाउने ग्याँसमा सहुलियतका लागि पहल गर्ने,
- विद्यार्थीहरूको स्वास्थ विमालाई प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने ।
- विद्यार्थीहरुमा राजनीतिक चेतना अभिवृद्धी गर्न र नेतृत्व विकास स्वरुप SEE पछि अथवा प्लस टु सकिएपछि अथवा आवश्यकता अनुसार Political Literacy Program(PLP), Young Leaders Forum, Leadership Development Program, Model Youth Parliament, Model United Nations जस्ता कार्यत्रमहरु आयोजना गर्ने । केन्द्रमा केन्द्रीय कमिटीले र मातहत कमिटीमा सम्बन्धित कमिटीहरुले गर्नेछन् ।
- ट्रष्टका नाममा दर्ता भई अत्याधिक महंगो शुल्क लिई कर छली गर्ने युलियन्स जस्ता विद्यालयहरुको छानविन गरी आवश्यक कारबाही गर्न सम्बन्धित स्थानीय तहलाई दबाब दिन मातहत कमिटीलाई निर्देशन गरिएको छ ।

**संगठनका सम्बन्धमा बैठकले गरेका निर्णयहरु :**

- २३ औं राष्ट्रिय महाधिवेशनमा केन्द्रीय कमिटी र निकायमा उम्मेदवार रहेकाहरु स्वत: साविवको जिम्मेवारीबाट मुक्त हुनेछन् र आयोजक कमिटीको नेतृत्व तत् पछाडीको नेतृत्वले गर्नेछन् । उक्त आयोजक कमिटीले असार मसान्त अगाडी नै अधिवेशन गरिसक्नु पर्नेछ । केन्द्रीय कमिटीको दोश्रो बैठक अगाबै अधिवेशन घोषणा गरेका कमिटीहरुको हकमा अधिवेशन गर्न दिइनेछ । महंगो खादा र फूलमाला प्रणालीको अन्त्य गरिनेछ ।
- असार १४ गते मदन जयन्तीको सम्झना गर्दै शिक्षाको सवलिकरण तथा विद्यार्थी जागरण अभियान : **Mission Classroom : "EXPLORE NEXT GEN LEADERS"** अभियान सञ्चालन गर्ने ।
- पार्टीको नेताहरुको जन्मदिनमा केक लगेर घरमै पुग्ने बानी बेठिक रहेको ठगर गरी त्यसकारण आगामी दिनमा केक काटने कामको अन्त्य गरिनेछ ।
- प्रत्येक कार्यक्रममा एकजना महिला बक्ता अनिवार्य गरिएको छ ।
- संगठन निर्माणको महाअभियान अन्तर्गत पहिलो ५ महिना (जेठ देखि असोज) सम्म दश हजार कमिटी निर्माण गर्ने उद्देश्यले "EXPLORE NEXT GEN LEADERS" लाई मिसनकै रुपमा सञ्चालन गरिनेछ । उक्त मिसनको कार्यविधि आन्तरिक सर्कुलरमा तल पठाइनेछ ।
- प्रत्येक वर्ष कमिटीको कार्यसम्पादन मुल्याङ्कनको आधारमा पालिका कमिटीले उत्कृष्ट मा.वि. कमिटी, जिल्ला कमिटीले उत्कृष्ट पालिका कमिटी, प्रदेश कमिटीले उत्कृष्ट जिल्ला कमिटी र केन्द्रिय कमिटीले उत्कृष्ट प्रदेश/राष्ट्रिय/जिल्ला/सम्पर्क कमिटी घोषणा गरिनेछ ।
- Committee of the Months र Committee of year बनाएर काम गर्ने कमिटीहरुलाई पुरस्कृत गरिनेछ ।
- कानुनी शिक्षाको बढ्दो आकर्षण, विश्वविद्यालयहरुमा थपिदै गएको स्नातक कार्यक्रम, मा.वि तहमा कानुन संकायको स्थापनालाई मध्य नजर गर्दै कानुन विद्यार्थीहरुलाई संगठित गर्नका लागि

विश्वविद्यालयका राष्ट्रिय कमिटीहरू संरचनाहरू जस्तै "National Law Students' Association-NLSA" नामक कानुन विद्यार्थीहरुको राष्ट्रिय कमिटी गठन गरिनेछ ।

- जिल्ला अध्यक्ष र ठुला क्याम्पस कमिटीका अध्यक्षहरु मध्ये महाधिवेशनमा पराजित कमरेडहरुलाई सम्बन्धित प्रदेश कमिटीको सदस्य बन्नेछन् ।
- प्रदेश कमिटी र विश्वविद्यालय कमिटीको विभिन्न जिम्मेवारीमा रहेर महाधिवेशनमा उठेका कमरेडहरुको समेत तलको पद गुम्ने भएको छ ।
- निवर्तमान केन्द्रीय कमिटीका पदाधिकारी, स्थायी कमिटी र सचिवालय सदस्यको जिम्मेवारीमा रही २३ औं राष्ट्रिय महाधिवेशनबाट कुनै जिम्मेवारीमा नरहेका अनेरास्ववियुका निवर्तमान कमरेडहरुलाई पार्टीमा सो सरहको उचित जिम्मेवारीको निम्ति अनेरास्ववियुको तर्फबाट संस्थागत अनुरोध गर्ने ।
- अनेरास्ववियुको इतिहास, उपलब्धिहरू, र निरन्तर गतिविधिहरू दर्साउने एक आधुनिक र आकर्षक वेबसाइट र मोबाईल एप निर्माण गर्ने ।
- युवा सशक्तिकरण, शिक्षा, र विद्यार्थीका अधिकार जस्ता विषयहरूमा बोल्न विज्ञहरू र अतिथि वक्ताहरू राखेर वेबिनारहरू र लाइभ स्ट्रिमहरू प्रस्तुत गर्न व्यवस्थित कार्यक्रम सन्चालनमा ल्याइने छ ।
- सत्ता गठबन्धनको अवरोधका बाबजुत विगत १४ वर्षदेखि देखि देशैभरका क्याम्पसहरुमा हुन नसकेको स्ववियु निर्वाचन यसपटक बहुसंख्यक क्याम्पसहरुमा भएको छ । अनेरास्ववियुले जित्ने सुनिश्चित भएका क्याम्पसहरुमा सत्ताको चरम दुरुपयोग गरी निर्वाचन विथोल्ने कार्यको बैठकले निन्दा गरेको छ ।
- त्रिवि वाहेकका अरु विश्व विद्यालयहरुले समेत स्ववियु निर्वाचन गर्ने ठोस पहलकदमी लिन अनेरास्वयि अनुरोध गर्दछ ।
- वीरगञ्ज नर्सिङ्ग क्याम्पसको क्याम्पस प्रशासनले स्ववियु निर्वाचनमा अनेरास्ववियुलाई मतदान दिएको आधारमा प्रयोगात्मक परीक्षा (Practical Examination) मा गलत नियत राखी कम अंक दिने कार्य गरेकोमा कुनै विचारधारा वोकेकै आधारमा गरिने विभेद प्रति अनेरास्ववियुको गम्भिर ध्यानाकर्षण भएको छ । यस्ता कार्यहरु तत्काल बन्द गर्न अनेरास्ववियु जोडदार माग गर्दछ ।
- स्ववियु काउन्सिलको भेला असार पहिलो हप्ता गर्ने निर्णय गरिएको छ ।
- नीजि विद्यालय तथा शैक्षिक संस्थाहरुले गर्ने वैधानिक रुपमा कर छलीलाई भण्डाफोर गरी उक्त राज्यको आम्दानीलाई सार्वजनिक शिक्षामा लगाउन नीति निर्माण गर्न दबाब दिने ।
- ३० वर्ष उमेर कटेका, २३ औं राष्ट्रिय महाधिवेशनमा स्थायी कमिटी र पदाधिकारीहरुमा निर्वाचन लडेका विद्यार्थीहरुलाई अनेरास्ववियुको केन्द्रीय कमिटीमा मनोनीत गरिनेछैन ।

**समसामयीक**

- ➢ अनेरास्ववियुको आन्दोलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको यातायातमा ४५ प्रतिशत भाडा छुटको व्यवस्थालाई प्रभावकारी कार्यान्वयवन गर्न, लामो दुरीको यातायातमा अनिवार्य छुटको व्यवस्था मिलाउन पहल गर्ने ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी/Central Committee
Ratoghar, Kathmandu, Nepal
Estd. 2022

प. सं. मिति :
च. नं.

- शिक्षा र स्वास्थ्यमा हुने अत्याधिक खर्चबाट आज ब्रेन ड्रेन र मसल ड्रेन कारण सामाजिक संरचनाहरु धरासायी हुँदै गएका छन् । सरकारको नीति तथा कार्यक्रममा यी विषयहरु नसमेटिनुले यो सरकार युवा विद्यार्थी प्रति अनुदार रहेको बैठकको ठहर छ । शिक्षा, स्वास्थ्यमा सरकारको उदासिनता र नीजिकरण विरुद्ध संघर्ष गर्दै उच्च शिक्षाको सर्वसुलभताको निम्ति अनेरास्ववियु जोडदार माग गर्दछ ।
- नेपाली नागरिकहरुलाइ भूटानी शरणार्थी बनाउने जघन्य अपराधमा संलग्नहरुको क्रमश: पर्दाफास हुँदै गइरेको छ । यस काण्डमा राजनीतिक तहको उपल्लो जिम्मेवारीमा रहेकाहरुको नै मिलेमतो रहको खुल्दै जान थालेको छ । यस काण्डको सत्य तथ्य पत्ता लगाउन, जूनसुकै ओहदाका भएपनि उनीहरुलाई कारवाहीको दायरामा ल्याउन र दोषीहरुलाई कडा भन्दा कडा कारवाही गर्न यो बैठक जोडदार माग गर्दछ ।
- विगत लामो समय देखि मिटर व्याजी पिडितहरुले निरन्तर संघर्ष गरिरहेका छन् । आधारभूत तहका जनाताको बाध्यताको फाइदा उठाएर उनीहरुलाई त्यहि नाममा शोषण गर्ने र थला पार्ने कुकृत्य प्रति यो बैठक घोर निन्दा एवं भर्त्सना गर्दछ । यस्तो कार्यमा संलग्नहरुको शिघ्र पहिचान गरी मिटर व्याज उठाएर खानेहरुलाई कानुनी दयरामा ल्याइ कारवाही प्रक्रिया अगाडी बढाउन अनेरास्ववियु जोडदार माग गर्दछ ।
- हाम्रो पार्टीका श्रद्देय अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली हालै पूर्वी जिल्लाहरु झापा, इलाम, पाँचथर र तेह्रथुम लगायका जिल्लाहरुका पुग्दा उहाँ माथि पटक पटक सांघातिक हमलाको प्रयास भएकोमा त्यस कार्यप्रति यो बैठक निन्दा एवं भर्त्सना गर्दछ ।
- देशको आर्थिक अवस्था संकट ग्रस्थ अवस्थामा पुग्दा समेत राजनीतिक गठबन्धनले बाँधिएको तर वित्तिय गठबन्धनका स्वार्थले जेलिएको बर्तमान सत्ता गठबन्धन आम जनताका दैननिदनका समस्याहरु प्रति वेखवर देखिन्छ । वर्तमान गठबन्धनको यो जनविरोधी रबैया प्रति प्रतिरोधमा उत्रन आम जनताहरुमा हार्दिक अपिल गर्दछ ।
- गलत आर्थिक नीति र चर्को व्याजका कारण व्यवसाय छाड्न बाध्य व्यवसायी, ऋणको चपेटामा परेर छट्पटाइरहेका उद्यमीहरुका समस्या शिघ्र सम्बोधन गर्न नेपाल सरकार समक्ष अनेरास्ववियु अग्रह गर्दछ ।
- गत मंसिर ४ गते बाजुरा जिल्ला त्रिवेणी नगरपालीका वडा नं. ७ मा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन पश्चात कांग्रेस समर्थित आपराधिक गिरोहले हत्या गरेका अनेरास्ववियुका तत्कालिन सचिवालय सदस्य तथा सुदुरपश्चिम विश्वविद्यालय राष्ट्रिय कमिटी अध्यक्ष क. चेतन ऐडीलाई अनेरास्ववियुको सहिद घोषणा गरिएको छ । साथै उहाँलाई राष्ट्रिय सहिद घोषणा गर्न नेपाल सरकार सँग जोडदार माग गर्दछौं ।

हार्दिक अभिवादन सहित !

समिक बडाल
अध्यक्ष

धन्यवाद !



Tel: 01-4256052 : Email: mail.annfsu2022@gmail.com : URL: www.annfsu.com